जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ५६ पृष्ठः ४ | २०८३ असार ०४ बिहीबार (Thursday 18 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मधेस प्रदेशका स्थानीय तहमा युरिया र डीएपी मल वितरण

जनकपुरधाम, ३ असार। मधेस प्रदेश सरकारले वर्षे धानलाई लक्षित गर्दै स्थानीय तहमा युरिया र डीएपी मल वितरण गरेको छ प्रदेश मन्त्रिपरिषद्को जेठ २७ गते बसेको बैठकको निर्णयअनुसार ७ हजार ३२८ मेट्रिक टन युरिया र ६ हजार ६१० मेट्रिक टन डीएपी मल बाँडफाँट गरिएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ। मन्त्रालयले कृषि सामग्री कम्पनी लिमिटेडबाट प्राप्त युरिया र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडबाट प्राप्त डीएपी मल प्रदेशका १३६ वटै स्थानीय तहमा बाँडफाँट गरेको हो। मन्त्रालयका प्रवक्ता मनिषकुमार पालका अनुसार प्रदेशले केन्द्र सरकारसँग १० हजार मेट्रिक टन मल माग गरेको थियो। तर केन्द्रबाट हालसम्म २ हजार मेट्रिक टन मात्रै मल प्राप्त भएको छ ।

केन्द्रबाट प्राप्त मल र प्रदेशसँग मौज्दात रहेको मललाई समायोजन गरी १३६ वटै स्थानीय तहमा बाँडफाँट गरिएको उनले बताए। आवश्यकता परेमा केन्द्र सरकारले थप मल पठाउने आश्वासन दिएको समेत प्रवक्ता पालले जानकारी दिए। मन्त्रालयका अनुसार सप्तरीका १८ स्थानीय तहका लागि ९७५ मेट्रिक टन युरिया र १ हजार ३५ मेट्रिक टन डीएपी मल बाँडफाँट गरिएको छ। त्यस्तै, सिराहाका १७ स्थानीय तहका लागि १ हजार ७२ मेट्रिक टन युरिया र १ हजार १३७



-बाँकी अन्तिम पेजमा

## बर्दीबासको बजेट बालविवाह न्यूनीकरण प्राथमिकतामा

रवीन्द्र उप्रेती




बर्दीबास, ३ असार। बर्दीबास नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि एक अर्ब ११ करोड६९ हजार पाँच सय रुपियाँको अनुमानित बजेट सार्वजनिक गरेको छ। यो पाँचबर्से कार्यकालको अन्तिम नगर सभा भएकाले यस पटकको प्रस्तावित बजेटमा आगामी स्थानीय तह निर्वाचनको स्पष्ट चुनावी छनक पाइएको छ। नगरपालिकाको अठारौँ नगर सभामा नगर मङ्गलबार उपप्रमुख तारादेवी महतोले उक्त बजेट प्रस्तुत गर्नुभएको हो। नगरप्रमुख क्षेत्रीले बालविवाह न्यूनीकरणका लागि आगामी आव २०८३/८४ देखि २० वर्ष उमेर पूरा गरी विवाह गर्ने नगरक्षेत्रका छोरीहरूलाई प्रोत्साहनस्वरूप ५१ हजार प्रदान गरिने भएको छ।

यो बजेट चालु आव २०८२/८३ सालको तुलनामा ११ करोड ३९ लाख ४० हजार रुपियाँले कम छ।

-बाँकी अन्तिम पेजमा

## मधेस प्रदेशबाट रास्वपाले कसरी छान्छ महाधिवेशन प्रतिनिधि ?

काठमाडौँ, ३ असार। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम महाधिवेशनको भव्य तयारी भइरहँदा मधेस प्रदेशमा भने अधिवेशन नै हुन सकेको छैन। मधेसबाट रास्वपाले पुराने तदर्थ समितिका आधारमा महाधिवेशन प्रतिनिधि सहभागी गराउने भएको छ। यही असार ७, ८ र ९ गते चितवनमा रास्वपाको प्रथम महाधिवेशन हुँदैछ। महाधिवेशन अघि जिल्ला र प्रदेश अधिवेशन सम्पन्न गर्नुपर्ने भए पनि मधेसमा भने ८ मध्ये ७ जिल्लामा अधिवेशन नै हुन सकेको छैन।




जिल्ला अधिवेशन नै नभएका कारण प्रदेश अधिवेशनसमेत हुन सकेन। आठ वटा जिल्ला रहेको मधेस प्रदेशमा आन्तरिक विवादका कारण पर्सा जिल्लाबाहेक अन्य सात वटै जिल्लामा अधिवेशन हुन सकेन। पार्टीले बारा जिल्ला समिति विघटन गरेपछि सुरू भएको किचलो र आन्तरिक कलहको आगो अन्य साते जिल्लामा फैलिएपछि केन्द्रीय निर्वाचन आयोगले अर्को सूचना नआएसम्मका लागि अधिवेशन स्थगित गरेको थियो। शान्ति सुरक्षा जोखिमका कारण आयोगले महाधिवेशन अगाडि अधिवेशन गर्ने हिम्मत गरेन। आन्तरिक विवादका कारण सिङ्गो मधेस प्रभावित हुँदा पर्सा जिल्ला अधिवेशन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ।

यद्यपि त्यहाँ पनि जेठ २३ गते निर्वाचन प्रक्रिया अगाडि बढाउँदा बद्दा झडपको स्थिति आएको थियो। तर पर्सा-१ बाट निर्वाचित सांसद तथा सभापति बुद्धिप्रसाद ( हरि) पन्तको समन्वयकारी भूमिकाका कारण जेठ २४ गते शान्तिपूर्ण रुपमा नेतृत्व चयन भयो। विवाद समाधानका लागि केन्द्रीय संगठन विभागका सचिव शंकर श्रेष्ठ वीरगञ्ज पुगेका थिए। श्रेष्ठकै रोहबरमा पर्साका चारवटै निर्वाचन क्षेत्रका सांसदहरू र निर्वाचन प्रमुख डा. नन्दन यादव सहितको सहमतिमा प्रतिनिधि विवाद टुङ्ग्याइएको थियो। चुनावी प्रतिस्पर्धामा पन्त र पर्सा-२ का सांसद सुशील कानुबिच प्रतिस्पर्धा भएको थियो। पन्त संस्थापक सभापति हुन्। पन्तले ४८ मतको अन्तरले कानुलाई पराजित गरेका थिए। उनले पूरै प्यानललाई नै विजयी गराएका थिए।

मधेसमा विवाद चर्किनुमा मुख्यतः मधेसबाट निर्वाचित सांसदहरू चुनाव ताका टिकट पाएर जितेका तर पार्टी संगठनमा भिज्न नसकेको, पुराना पार्टीबाट आएकाले पार्टीको नीति, पद्धति, विधानलाई आत्मसात् गर्न नसकेको जिल्लास्तरका नेताहरूको आरोप छ। खासगरी रास्वपाका केन्द्रीय प्रवक्ता मनिष झा, मधेस प्रदेश सभापति तपेश्वर यादव, समानुपातिक सांसद पुरुषोत्तम यादवको कार्यशैलीप्रति रास्वपा मधेसका नेता तथा कार्यकर्ताहरू बढी रुष्ट छन्। बारा-१ बाट निर्वाचित सांसद तथा मधेस प्रदेश महामन्त्री गणेश धिमालले पार्टी ठुलो हुँदा समस्या पनि बढेको जिकिर गरे। मधेसमा पहिलेदेखिकै समस्या हो। पार्टी ठुलो हुँदा विवाद व्यवस्थापन गर्न नसकेर अधिवेशन गर्न सकिएन', उनले भने।

-बाँकी अन्तिम पेजमा




सन्तुलित जनसंख्याः विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।
- स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सात प्रदेशको बजेट

संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ। संघीय सरकारसँगै सात प्रदेश र ७५३ स्थानीय सरकारको अभ्यास दोस्रो दशकमा अगाडि बढ्दै छ। संविधानले सबै सरकारलाई कामको जिम्मेवारी दिएको छ। तिनै तहका सरकारले नीति तथा कार्यक्रमका साथै बजेट सम्बद्ध विधायिकामा प्रस्तुत गरी पारित गर्नुपर्ने व्यवस्था छ। सघीय सरकारका अर्थमन्त्रीले प्रत्येक वर्ष जेठ १५ गते नयाँ आर्थिक वर्षको बजेट सघीय विधायिकाको संयुक्त बैठकमा प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ। त्यसै अनुरूप आगामी आव २०८३/८४ को बजेट निर्धारित समयमै प्रस्तुत भई अहिले विधायिकी प्रक्रियामा छ।

संघीय बजेटले प्रदेश र स्थानीय तहलाई ठुलो हिस्सा स्रोतको व्यवस्था गरेको हुन्छ। त्यसै स्रोतसमेतका आधारमा प्रदेश र स्थानीय सरकारले नीति तथा कार्यक्रम र बजेट तयार गर्छन्। विधि अनुसार देशका सातै प्रदेशले असार १ गते बजेट प्रदेश सभामा प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार सबै प्रदेशले सोमबार प्रदेशको बजेट प्रस्तुत गरेका छन्। प्रदेश सरकारले आन्तरिक स्रोतको ठुलो जोरजाम गर्न भने सकेका छैनन्। अझै पनि केन्द्र सरकारसमक्ष नै स्रोतसाधनमा बढी निर्भरता छ। यसो भए पनि समग्रमा चालु आवको तुलनामा आगामी वर्ष पाँच अर्ब रुपियाँभन्दा बढी अर्थात् दुई खर्ब ९२ अर्ब रुपियाँ हाराहारीको बजेट ल्याएका छन्।

आ.वको ११ औँ महिना लाग्दा पनि पुँजीगत बजेट खर्चको राम्रो प्रगति देखिएको छैन। चालु आव २०८२/८३ मा कुल दुई खर्ब ८७ अर्ब ९८ करोड रुपियाँको बजेट ल्याइएको थियो। सघीय सरकारसामुन्ने सामाजिक दायित्व धेरै छ। सामाजिक सुरक्षाका कार्यक्रम, कर्मचारीको तलब र भत्ता तथा ऋणको साँवाब्याज भुक्तानी जस्ता नियमित दायित्वका कारण बजेटको आकार ठुलो हुन्छ। प्रदेश सरकारसामु यस्ता दायित्व न्यून हुने हुँदा पुँजीगत खर्चको तुलनात्मक आकार बढी भए पनि खर्च गर्ने प्रवृत्तिमा भने ठुलो सुधार आउन सकेको छैन। सबै प्रदेश राजस्व परिचालनमा कमजोर नै देखिएका छन्।

सबै प्रदेश सघीय बजेटबाटै ठुलो अंशको वित्तमा निर्भर छन्। आगामी आवका निम्ति पनि अन्तरसरकारी वित्तीय हस्तान्तरणबापत प्राप्त कुल एक खर्ब नौ अर्ब ६५ करोड रुपियाँ प्रदेश बजेटमा समावेश गरिएको छ। सबै जसो प्रदेशले पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखेका छन्। त्यसै गरी कृषिको आधुनिकीकरणमा पनि बजेट राम्रै गरी विनियोजन गरिएको छ। स्वास्थ्य सेवामा सुधार र रोजगारी सिर्जनालाई समेत मुख्य प्राथमिकतामा राखिएको छ। सात प्रदेशमध्ये बागमती प्रदेशले सबैभन्दा बढी र गण्डकी प्रदेशले सबैभन्दा सानो आकारको बजेट ल्याएका छन्। बागमती प्रदेशले ६६ अर्ब ९३ करोडको बजेट ल्याएको छ भने गण्डकी प्रदेशले ३२ अर्ब ९९ करोड ९९ लाख रुपियाँको मात्र कार्यमूलक बजेट ल्याएको छ।


कोशी प्रदेशले कुल ४० अर्ब ४४ करोड रुपियाँको बजेट ल्याएको छ। यो चालु आवको भन्दा १२.७४ प्रतिशतले बढी हो। कोशीको बजेटमा पुँजीगततर्फ २० अर्ब ७५ करोड र चालु खर्चतर्फ १३ अर्ब ९७ करोड रुपियाँ विनियोजन गरिएको छ। चालु खर्च कटौती गर्दै विकास बजेटमा २१.५ प्रतिशतको वृद्धि गरिएको छ। मधेश प्रदेशले भने बजेटको आकार घटाएको छ। चालु आवको तुलनामा १३ प्रतिशतले घटाएर ४१ अर्ब १३ करोड ८६ लाख रुपियाँको बजेट ल्याएको छ। बजेटमा पुँजीगततर्फ ६४.३६ प्रतिशत अर्थात् २६ अर्ब ४७ करोड र चालुतर्फ ३५.६४ प्रतिशत अर्थात् १४ अर्ब ६६ करोड छ।

लुम्बिनी प्रदेशले ३७ अर्ब ३८ करोड रुपियाँको बजेट ल्याएको छ। त्यसै गरी कर्णाली प्रदेशले ३५ अर्ब ३९ करोड रुपियाँको बजेट ल्याएको छ। सुदूरपश्चिमले आन्तरिक विवादका कारण मध्यरातमा विरोधकै बिच बजेट ल्यायो। सो प्रदेशको कुल बजेट ३७ अर्ब ७० करोड रुपियाँको छ। सातै प्रदेशले ल्याएको बजेट प्रदेश सभामा छलफल भई विधायिकी प्रक्रियामा जाने छ। सघीय प्रणालीलाई सफल बनाउन प्रदेश सरकारको भूमिका महत्वपूर्ण भए पनि सबै जसो प्रदेश सरकार राजनीतिक अस्थिरताको भुमरीमा परेका छन्। प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा कम र बढी सत्ताको खेलमा लागेको आलोचना पनि भइरहेको छ। परिवर्तित जनआकाङ्क्षा अनुरूप सबै प्रदेश सरकारले आर्थिक विकासमा अर्जुनदृष्टि दिए बजेट सार्थक हुने छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# पढ्यौँ, बढ्यौँ तर समाजसँग जोडिएनौँ

**भूषण दाहाल**




सन् १९८३ मा अमेरिकामा नेसन एट रिस्कः द इम्पेरेटिभ फर एजुकेसनल रिफर्म' भन्ने बहुप्रतिष्ठित प्रतिवेदन सार्वजनिक भयो। त्यसको मूल मर्म सरल थियो– हाम्रा (अमेरिकाका) विद्यालयहरू नराम्रोसँग खस्कँदैछन्, यसकारण अमेरिकाको भविष्यलाई नै खतरा छ। यो प्रतिवेदनमा मात्र सीमित भएन, यसले अहिलेसम्म पनि अमेरिकाको शिक्षा नीतिलाई दिशानिर्देश गर्ने गरेको छ। त्यो प्रतिवेदन आएको करिब ४५ वर्षपछि पनि संसारभरका धेरै शिक्षाविद्हरूले लर्निङ क्राइसिस'को नाममा धेरै रोटी सेके। सामान्य भाषामा भन्नुपर्दा, विद्यार्थीहरूले जुन कक्षामा जति सिक्नुपर्ने त्यति नसिक्नु वा त्योभन्दा धेरै कम सिक्नुलाई नै लर्निङ क्राइसिस भनिन्छ।

यो क्राइसिस कसरी भन्दा पनि कहाँबाट आयो, यो नै यक्ष प्रश्न हो। उत्तर विद्यालय र विश्वविद्यालयको सिकाइमै छ। विद्यालयको सिकाइमा कस्तो प्रश्न गर्ने र समाजसँग कसरी जोडिने भनी सिकाउनुपर्नेमा, विद्यालयले परीक्षाका लागि रट्न र पास हुन सिकायो। सिकाइ तब मात्र प्रभावकारी हुन्थ्यो, जब पाठ्यक्रम विद्यार्थीको जीवन र परिवेशसँग जोडिएको हुन्थ्यो। शिक्षकले जिज्ञासा जगाउने तरिकामा पढाउने अवसर र तालिम पाएका हुन्थे र मूल्याङ्कन परीक्षाको नम्बरभन्दा सिकाइको गहिराइमा केन्द्रित हुन्थ्यो।

तर, हुने र हुँदाखाने, देश, समाज, विद्यालय, परिवार र व्यक्ति सबैमा यो क्राइसिस' अझ ठूलो क्राइसिस भएर आयो। नेपालमा पनि यसको खुबै बहस हुने गरेको छ। पूर्व शिक्षामन्त्री सुमना श्रेष्ठको शब्द सापट लिने हो भने, विगत दुई दशकको हाम्रो सार्वजनिक शिक्षामा सफलताको मापन मेरो छोरा/छोरीले अंग्रेजी बोल्न सक्छ' बाट मेरो छोरा/छोरीले फरर अंग्रेजी बोल्न सक्छ' मा आइपुगेको छ। उच्च शिक्षामा चाहिँ कहिल्यै बुढो नहुने वाक्य छ, डिग्री त छ, तर काम गर्न त परैजाओस्, राम्ररी बोल्न पनि जान्दैन।' हाम्रो युवापुस्ता बिदेसिने एउटा प्रमुख कारण यही हो।

### तथ्याङ्कले के भन्छ ?

तथ्याङ्क हेर्दा स्थिति झनै गम्भीर देखिन्छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार, आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/०८१ को मध्यसम्मको सात वर्षमा मात्र ५ लाख ४३ हजार ८३३ जना नेपाली विद्यार्थीले विदेश अध्ययनका लागि एनओसी लिए। यो तथ्याङ्कलाई अझ गहिरोसँग हेर्दा एउटा विडम्बना स्पष्ट देखिन्छ। सरकारले आर्थिक वर्ष २०८२/०८३ मा शिक्षा क्षेत्रमा २ खर्ब ११ अर्ब रुपैयाँ विनियोजन गरेको छ।

यो देशको कुल बजेटमा सबैभन्दा ठूलो एकल विनियोजन हो। तर, यति ठूलो रकम खर्च भइरहँदा पनि युवाहरूले स्वदेशको शिक्षाप्रति विश्वास गुमाइरहेका छन्। पैसाको कमी छैन, नीति र इच्छाशक्तिको कमी छ। अझ पीडादायक तथ्य के छ भने, नेपालमा स्नातकोत्तर डिग्री हुँदाहुँदै पनि बेरोजगार हुने दर डिग्री नभएकाको तुलनामा तीन गुणा बढी छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) को अध्ययनअनुसार, विश्वविद्यालय स्नातकहरूमा बेरोजगारी दर २६.१ प्रतिशत छ, जबकि कुनै शिक्षा नभएकाहरूमा यो ९ प्रतिशत मात्र छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको सन् २०२६ को प्रतिवेदनअनुसार, कुल युवा बेरोजगारी १२.७ प्रतिशत छ र श्रम बजारमा सक्रिय सहभागिता दर जम्मा ३८.५ प्रतिशत मात्र छ। यसको अर्थ सरल छ– पढेका युवाहरू नै बेरोजगार छन् र नपढेकाले काम गरिरहेका छन्। यो भनेको हाम्रो शिक्षाले रोजगारी सिर्जना गर्दैन, बरु युवाहरूलाई श्रम बजारका लागि अयोग्य बनाउँदैछ भन्ने भयावह सन्देश हो।

### सरकारी नीति कहाँ चुकेको छ ?

जो युवाहरू वैदेशिक अध्ययन वा रोजगारीका लागि नेपाल छोड्छन्, अधिकांश त्यस्ता छन्, जसले जहाँ पढे वा हुर्किए, त्यहीँको शिक्षाले उनीहरूलाई श्रम बजारमा उभिन सक्ने बनाएन। त्रिभुवन विश्वविद्यालयमा अहिले ६ लाख ७२ हजार ४८९ विद्यार्थी नामाङ्कित छन्, जसमध्ये ७४.३१ प्रतिशत विद्यार्थी एक्लै त्रिभुवन विश्वविद्यालयमा छन्। यति ठूलो संस्था छ तर पाठ्यक्रम दशकौँ पुरानो छ। स्नातकोत्तर पढ्ने विद्यार्थीले थेसिस लेख्छन् तर त्यो थेसिस पुस्तकालयको धुलोमा बिलाउँछन्न न त्यसले नीति बदल्छ, न त समाजमा पुग्छ। विश्वविद्यालयले के दियो? प्रमाणपत्र। तर त्यो प्रमाणपत्र र रोजगारी बजारको बीचमा एउटा विशाल खाडल छ, र त्यो खाडललाई पुर्न न विश्वविद्यालयले प्रयास गरेको छ, न नीति निर्माताले।

शिक्षा बजेटको ठूलो हिस्सा शिक्षकको तलब र प्रशासनिक खर्चमा जान्छ, गुणस्तर सुधारमा होइन। नीति निर्माण तहमा व्यावहारिक अनुभव नभएका राजनीतिक नियुक्ति हुन्छन्। पाठ्यक्रम निर्माणमा विद्यार्थी, अभिभावक, रोजगारदाता कसैको पनि अर्थपूर्ण सहभागिता छैन। सरकारले पढ्दै कमाऊ' नीति ल्याए तापनि त्यसलाई सहयोग गर्ने वातावरण बनाउन सकेको छैन। नीति छ, कार्यान्वयन छैन। यो हाम्रो शिक्षा क्षेत्रको सबैभन्दा पुरानो र थकाउने समस्या हो।

### जेनजी र आन्दोलनको जन्म

यसैबीचमा, नेपाललगायत संसारका धेरै मुलुकहरूमा जेनजी' (**Gen–Z**) को नेतृत्वमा आन्दोलन भयो। भारतमा अहिले कङ्क्रोच जनता पार्टी'ले नयाँ तरङ्ग ल्याएको छ। त्यो पुस्ता, जसलाई डिजिटल स्क्रिनपछाडि रिल र स्न्यापमा रमाउने पुस्ता भनिन्थ्यो वा भनौँ जुन तप्कालाई नजरअन्दाज गरिन्थ्यो, त्यो पुस्ता भित्रभित्रै आफ्नै दुनियाँमा थियो। त्यो पुस्ताका लागि शिक्षा, कुनै शिक्षकले कक्षामा सिकाउने पाठभन्दा धेरै फरक भयो। इन्टरनेटको उपलब्धताले उनीहरूलाई जे सिक्न मन लाग्यो त्यो सिके, जसरी सिक्न मन लाग्यो त्यसरी सिके, जति सिक्न मन लाग्यो त्यति सिके।

यो पुस्तालाई न समाजवादको जरा बुझ्ने आवश्यकता भयो, न जनताको बहुदलीय जनवाद बुझ्ने कुनै आवश्यकता पऱ्यो। यो पुस्ताले त्यति मात्र राजनीति बुझ्यो जति उसलाई आवश्यक थियो। त्यसरी बुझ्यो जसरी उसलाई सजिलो थियो। र, त्यसरी विश्लेषण गऱ्यो, जसरी उसको पुस्ताको आँखाले विकासको अर्थ बुझेको छ। सहरबाट जन्मिएको आन्दोलन र यो आन्दोलन हाम्रो' हो भन्ने पुस्ता, स्थापित प्रणालीभन्दा बाहिरको र स्वअध्ययनले ज्ञान लिएको पुस्ता हो। त्यसैले परिवर्तन पनि त्यहीअनुरूप खोज्यो। यो पुस्ताका लागि देशको नेतृत्व छान्ने विधि चलनचल्तीको चुनाव' भन्दा फरक हुन सक्छ भन्ने आत्मविश्वास थियो र अझै होला पनि। फलस्वरूप, डिस्कोर्डको चुनावले देशको नेतृत्व चुनियो।

### शिक्षा र आन्दोलनको सम्बन्ध

यो सबै भइरहँदा, हामीले हाम्रो शिक्षा पनि यो आन्दोलनको एउटा कारण हो भन्न हिचकिचाउनु हुन्न। कसरी? हाम्रो शिक्षाले विद्यार्थीलाई व्यवस्थालाई प्रश्न गर्न सिकाएन, तर इन्टरनेटले सिकायो। त्यहीँबाट आन्दोलनको बीउ फस्टायो। जुन शिक्षाले नागरिकलाई आफ्नो अधिकार थाहा नदिइकन प्रमाणपत्र बाँड्यो, त्यसको प्रतिक्रिया सडकमा आयो।

पढेलेखेको तर बेरोजगार, यो निराशाले नै राजनीतिक चेतनाको रूप लियो। जुन व्यवस्थाले युवाको भविष्यलाई पाठ्यपुस्तकको चार कुनामा थुन्यो, तिनले गल्ती गरे र त्यो गल्तीको हिसाब माग्न पुस्ता सडकमा ओर्लियो। त्यसो भए, समाधान के हो त ? समाधान प्रोफेसर रबिन्सनले भन्ने गरेको प्रसिद्ध भनाइमा लुकेको छ–शिक्षाले सिर्जनशीलता र साहित्यलाई बराबर महत्त्व दिनुपर्छ। सिर्जनशीलताभित्र के पढ्ने, कसरी पढ्ने, किन पढ्ने, कुन तयारीका लागि पढ्ने जस्ता प्रश्नको उत्तर हुनुपर्छ भने, साहित्यभित्र देश, विदेश, समाज, परिस्थिति र तिनलाई गहिराइसँग बुझ्न सक्ने पढाइ हुनुपर्छ।

नेपालको सन्दर्भमा, एउटा विद्यार्थीलाई एसईईमा ए' ल्याउन सक्षम बनाउने शिक्षा र एउटा विद्यार्थीलाई आफ्नो गाउँको समस्या पहिचान गरेर त्यसको समाधान खोज्न सक्षम बनाउने शिक्षा, यी दुई एउटै कुरा होइनन्। हाम्रो शिक्षा पहिलोमा धेरै अलमलिएको छ, दोस्रोबाट धेरै टाढा छ। कक्षामा पढाइने इतिहास राजाहरूको कालगणना हो, त्यो समाजको सघर्ष र रूपान्तरणको कथा होइन। विज्ञान सूत्र कण्ठस्थ गर्नु हो, जिज्ञासा जगाउनु होइन। सामाजिकले समाज चिनाउँदैन, नागरिक हुनुको अर्थ बुझाउँदैन। यस्तो शिक्षाबाट निस्कने युवाले देशसँग आफूलाई कसरी जोडियो'? दुई विपरीत तर विपरीत होइनन्

अहिले संसारभर शिक्षामा हुने बहस भनेको, एआईको प्रयोगले विद्यार्थीको सिर्जनशीलताको ह्रास भयो र उनीहरूलाई कसरी सिर्जनशील बनाइराख्ने भन्ने छ। नेपालमा जब यो बहस हुन्छ, दुई थरीका आवाज सुनिन्छन्। एउटा समूह भन्छ–हामी यी सबैका लागि तयार हुनुपर्छ। अर्को समूह भन्छ–विद्यालयमा बस्न बेन्च छैन, शौच गर्न शौचालय छैन, केको एआई ! दुवै गलत छैनन्। तर यी दुई सोचलाई एकअर्काको विपरीत राख्नु नै हाम्रो सबैभन्दा ठूलो गल्ती हो। बेन्च र शौचालय भौतिक आवश्यकता हुन्। सिर्जनशीलता, आलोचनात्मक सोच र एआईको प्रयोग तयारी हो। भौतिक पूर्वाधार नबनाई गुणस्तरीय शिक्षा असम्भव छ। तर भौतिक पूर्वाधार बनाएर मात्र पुग्दैन, सोच्ने, सिर्जना गर्ने र परिवर्तन ल्याउन सक्ने पुस्ता तयार नगरी आजको समस्या मात्र समाधान गर्दै बस्नेलाई इतिहासले माफ गर्दैन।

यी दुवै एकैसाथ अघि बढ्नुपर्छ र त्यसको प्रमुख जिम्मेवारी सरकारकै हो। तर एक्लो सरकारले मात्र सबै गर्न सक्दैन। पाठ्यक्रम निर्माण गर्नेहरू, शिक्षकलाई तालिम दिने संस्थाहरू, विश्वविद्यालयहरू, अभिभावकहरू, कसैले पनि यो प्रश्नबाट पन्छिन मिल्दैन। किनकि जब एउटा पुस्ता शिक्षाबाट जोडिँदैन, त्यो मुलुकको मात्र हार होइन, प्रत्येक घरपरिवारको हार पनि हो। हाम्रो शिक्षाले आउँदो 'जेन अल्फा' र 'जेन बेटा'लाई समाजसँग जोड्न सकेन भने, आन्दोलनको स्वरूप बदलिन्छ तर अर्को आन्दोलन पक्का छ। किनकि जुन पुस्ता पढ्यो, बढ्यो तर समाजसँग जोडिएन, उसको असन्तोष कुनै न कुनै दिन बाहिर निस्कन्छ नै।

(लेखक हाल संयुक्त राज्य अमेरिकाको फ्लोरिडा स्टेट विश्वविद्यालयमा शिक्षा नीति तथा नेतृत्व विषयमा विद्यावारिधि गर्दैछन्।)

# पूर्वराज्यमन्त्री सञ्जय साहको सम्पत्ति शुद्धीकरण मुद्दा निसु'मा



काठमाडौँ, ३ असार। पूर्वराज्यमन्त्री सञ्जयकुमार साहको सम्पत्ति शुद्धीकरण तथा भ्रष्टाचार मुद्दामा सुनवाइ सकिएर निर्णय सुनाउने (निसु) मा राखिएको छ। ६ वर्षअघि सर्वोच्च अदालतमा पुगेको साहको मुद्दा न्यायाधीश अब्दुल अजीज मुसलमान र नृपध्वज निरौलाको संयुक्त इजलासमा बुधबार सुनुवाइ सकिएसँगै निर्णय सुनाउने(निसु)मा राखिएको छ। २०७६ फागुन १५ मा विशेष अदालतका न्यायाधीशहरू कृष्ण गिरी, शान्तिसिंह थापा र चन्द्रबहादुर सारुको इजलासले साहलाई भ्रष्टाचार मुद्दामा ४ वर्ष जेल सजाय र १९ करोड ४४ लाख ३८ हजार ९८३ रुपैयाँ गैरकानुनी रूपमा आर्जन गरेको ठहर गर्दै त्यसलाई जफत गर्न र त्यति नै जरिबाना तिराउन आदेश दिएको थियो। त्यस्तै विशेष अदालतले साहबाट १४ करोड २५ लाख एक हजार ७१६ रुपैयाँ सम्पत्ति शुद्धीकरण भएको ठहर गरेको थियो। २०७६ फागुन २९ मा विशेष अदालतले सम्पत्ति शुद्धीकरण मुद्दामा साहलाई ५ वर्ष कैद सजाय हुने फैसला सुनाएको थियो। सम्पत्ति शुद्धीकरणमा दुई वर्षदेखि १० वर्षसम्म कैद सजाय हुनसक्ने कानुनी व्यवस्था छ। फौजदारी कार्यविधि संहितामा तीन वर्षभन्दा बढी सजाय हुनसक्ने कसुरमा सजाय निर्धारणका लागि एक महिनाभित्र छुट्टै सुनुवाइ गर्नुपर्ने व्यवस्था छ।

त्यसैअनुसार विशेष अदालतले सम्पत्ति शुद्धीकरणमा समेत दोषी पाइएका साहलाई उक्त कसुरमा हुने सजाय निर्धारण गरेको थियो। विशेष अदालतले सजाय निर्धारण गरेको फैसलामा चित्त नबुझेपछि

-बाँकी अन्तिम पेजमा

# सरकारका गतिविधिले लोकतान्त्रिक मूल्य कमजोर बनायो : पापड

काठमाडौँ, ३ असार। शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड) ले मुलुकमा पछिल्लो समय विकसित राजनीतिक, संवैधानिक तथा प्रशासनिक गतिविधिप्रति चिन्ता व्यक्त गरेको छ। बुधबार जारी विज्ञप्तिमार्फत पापडले संविधानको कार्यान्वयन, लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण, विधिको शासन तथा नागरिक अधिकारको संरक्षण राज्य सञ्चालनका आधारभूत मान्यता भए पनि वर्तमान शासन सञ्चालनको शैलीले ती मूल्य-मान्यतालाई कमजोर बनाउने प्रयास भइरहेको जनाएको छ। पापडले लोकतन्त्र निर्वाचनमार्फत प्राप्त बहुमतको शासन मात्र नभई संविधानको सर्वोच्चता, शक्तिको सन्तुलित प्रयोग, संस्थागत उत्तरदायित्व, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, पारदर्शिता, नागरिक स्वतन्त्रता तथा विधिको शासनमा आधारित प्रणाली भएको स्मरण गराउँदै राज्यका सबै अङ्गलाई त्यसको सम्मान गर्न आग्रह गरेको छ। विज्ञप्तिमा पछिल्लो समय सुकुमबासी बस्ती जबर्जस्ती हटाउने कार्य, न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामाथि असर पुग्ने गतिविधि, संसद्को प्रभावकारी भूमिका खुम्च्याउने प्रवृत्ति तथा नागरिक अधिकार सङ्कुचित गर्ने प्रयासप्रति असन्तुष्टि जनाइएको छ। त्यस्तै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकमाथि आघात पुग्ने गरी सञ्चारमाध्यममाथि आर्थिक नाकाबन्दी लगाउने प्रयास, संविधानप्रदत्त पेसागत तथा ट्रेड युनियन अधिकारमाथि नियन्त्रणमुखी व्यवहार, विश्वविद्यालयहरूको स्वायत्ततामा हस्तक्षेप तथा शिक्षा र स्वास्थ्य क्षेत्रप्रतिको नीतिगत अस्पष्टताप्रति पनि पापडले विरोध जनाएको छ। पापडले नागरिक सर्वोच्चता, मानवअधिकार, अन्तर्राष्ट्रिय कानुन तथा संविधानको अक्षर र भावनाको सम्मान गर्दै लोकतान्त्रिक मूल्य-मान्यता, विधिको शासन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, न्यायपालिकाको स्वतन्त्रता, नागरिक अधिकार र संस्थागत सन्तुलनको रक्षा गर्न सरकारसँग आग्रह गरेको छ।

लोकतन्त्र, संविधान र नागरिक अधिकारको संरक्षणका लागि सबै लोकतन्त्रवादी शक्ति, पेसागत सङ्गठन, सञ्चार क्षेत्र, शैक्षिक समुदाय तथा नागरिक समाजलाई एकजुट हुन पनि पापडले आह्वान गरेको छ। यसैबिच नागरिक अधिकार खुम्च्याउने तथा प्रेस

-बाँकी अन्तिम पेजमा

# लैङ्गिक हिंसाविरुद्ध एकीकृत कानुन बन्दै, मानव बेचबिखन नियन्त्रण ऐन संशोधन हुने



काठमाडौँ, ३ असार। महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमले समावेशी, सुरक्षित र मर्यादित समाज निर्माण गर्ने लक्ष्य राखेको बताएकी छन्। बुधबार प्रतिनिधिसभा बैठकमा मन्त्रालयगत बजेटमाथि सांसदहरूले उठाएका प्रश्न र जिज्ञासाको सम्बोधन गर्दै उनले यस्तो धारणा राखेकी हुन्। मन्त्री वादीले मन्त्रालयको कार्यक्षेत्र विस्तार भई दलित, मधेसी, मुस्लिम, थारु, आदिवासी जनजाति र सीमान्तकृत समुदायका मुद्दाहरूसमेत समेटिएकाले सोहीअनुरूप बजेट विनियोजनमा वृद्धि गरिएको जानकारी दिइन्। महिला सशक्तीकरण, लैङ्गिक समानता र हिंसामुक्त समाज निर्माण मन्त्रालयको उच्च प्राथमिकतामा रहेको उनले बताइन्।

मन्त्री वादीका अनुसार लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीतिअनुरूप मन्त्रालयले लैङ्गिक हिंसाविरुद्धको एकीकृत कानुन' तर्जुमा गर्ने तयारी गरेको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४' लाई पालेर्मो प्रोटोकल र समसामयिक आवश्यकताअनुसार संशोधन गर्ने प्रक्रिया सुरु भइसकेको पनि उनले बताइन्। उनले भनिन्, आगामी आर्थिक वर्षमा नेपालको संविधानबमोजिम महिलाविरुद्ध हुने धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा वा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण हुन नदिन र यस्तो कार्यलाई कानुनबमोजिम दण्डनीय बनाई पीडितले क्षतिपूर्ति पाउने हक सुनिश्चित गर्ने गरी लैङ्गिक हिंसाविरुद्धको एकीकृत कानुन तर्जुमा गरिनेछ।'

साथै, विश्व बैंकको अनुदान सहयोगमा महिला र बालबालिकामाथि हुने लैङ्गिक हिंसा निवारण तथा प्रतिकार्यका लागि एकीकृत तथा बहुपक्षीय सेवा पहुँच बढाउने उद्देश्यबमोजिम १२ वटा स्थानीय तहमा एकीकृत सेवा पहुँच कार्यक्रम सञ्चालन गरिने उनले उल्लेख गरिन्। एसियाली विकास

-बाँकी अन्तिम पेजमा


# महिला मुद्दालाई सञ्चार माध्यममा प्राथमिकता दिन आग्रह

लक्ष्मी चौधरी

जनकपुरधाम, ३ असार। मधेश प्रदेशका महिला राजनीतिकर्मी तथा जनप्रतिनिधिहरूले महिला नेतृत्वसँग सम्बन्धित मुद्दा, गतिविधि र उपलब्धिलाई सञ्चार माध्यमले पर्याप्त महत्व दिनुपर्ने बताएका छन्। मिडिया एड्भोकेसी ग्रुप (म्याग) ले मंगलबार जनकपुरधाममा आयोजना गरेको महिला राजनीतिकर्मी र सञ्चारकर्मीबिचको अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले सो कुरा बताएका हुन्। महिला आवाजलाई प्रभावकारी रूपमा जनतामाझ पुर्‍याउन सञ्चारमाध्यमको भूमिका अझ जिम्मेवार र समावेशी हुनुपर्नेमा जोड दिएका हुन्। कार्यक्रममा बोल्दै वक्ताहरूले शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, सामाजिक न्याय तथा स्थानीय विकासजस्ता विषयमा महिलाले निरन्तर आवाज उठाउँदै आए पनि ती विषयले सञ्चार माध्यममा अपेक्षित स्थान नपाउने गरेको गुनासो गरेका थिए।


सहभागी राजनीतिकर्मीले महिलासम्बन्धी समाचारलाई औपचारिक कार्यक्रम वा गतिविधिमा मात्र सीमित नगरी नीति निर्माण, नेतृत्व क्षमता, संघर्ष र उपलब्धिलाई समेत प्राथमिकताका साथ प्रस्तुत गर्न आग्रह गरेका छन्। कार्यक्रममा मधेश प्रदेशसभा सदस्य जीवछी यादवले लोकतान्त्रिक समाजमा महिला नेतृत्वलाई सशक्त बनाउन

-बाँकी अन्तिम पेजमा







### मधेस प्रदेशका...

मेट्रिक टन डीएपी मल छुट्याइएको छ। धनुषाका १८ स्थानीय तहका लागि ९२६ मेट्रिक टन युरिया र ७७८ मेट्रिक टन डीएपी मल तथा महोत्तरीका १५ स्थानीय तहका लागि ८८० मेट्रिक टन युरिया र ७४० मेट्रिक टन डीएपी मल वितरण गरिएको छ।

त्यसैगरी सर्लाहीका २० स्थानीय तहका लागि १ हजार ९३ मेट्रिक टन युरिया र ९१९ मेट्रिक टन डीएपी मल, रौतहटका १८ स्थानीय तहका लागि ८७५ मेट्रिक टन युरिया र ७३६ मेट्रिक टन डीएपी मल तथा बाराका १६ स्थानीय तहका लागि ८१९ मेट्रिक टन युरिया र ६८९ मेट्रिक टन डीएपी मल बाँडफाँट गरिएको छ। त्यस्तै, पर्साका १४ स्थानीय तहका लागि ६८७ मेट्रिक टन युरिया र ५७८ मेट्रिक टन डीएपी मल छुट्याइएको मन्त्रालयका प्रवक्ता मनिषकुमार पालले बताए।

### बर्दीबासको बजेट...

चालु आवमा आन्तरिक राजस्व सङ्कलन निराशाजनक रहेकाले त्यस्को प्रभाव नीति कार्यक्रम तथा बजेट बाँडफाँटमा परेको छ। प्रस्तुत बजेट अनुसार आगामी आवमा आन्तरिक आयबाट २० करोड १५ लाख रुपियाँ प्राप्त हुने अनुमान गरिएको छ। यसै गरी संघीय सरकारबाट विभिन्न शीर्षकमा ८६ करोड ४० लाख रुपियाँ र प्रदेश सरकारबाट चार करोड ४५ लाख रुपियाँ आय हुने अनुमान गरिएको छ। नगरपालिकाको कुल विनियोजनमध्ये कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि चालु र पुँजीगत गरी २४ करोड ३१ लाख रुपियाँ प्रस्ताव गरिएको छ।

गएको नगर सभाले कृषिलाई पहिलो प्राथमिकतामा राखेकोमा यस पटकको १८ औँ नगर सभाले स्वास्थ्य सेवालाई पहिलो प्राथमिकतामा राखेको छ। स्वास्थ्य बजेटतर्फ कर्मचारी तलबभत्ता, स्वास्थ्य उपकरण र औषधी खरिदसमेतका लागि कुल छ करोड ५० लाख रुपियाँ विनियोजन गरिएको छ। दोस्रो प्राथमिकतामा परेको शिक्षा तथा युवा खेलकुद विकासका लागि दुई करोड ४० लाख तथा कृषि र पशुपन्छी क्षेत्रका लागि दुई करोड विनियोजन गरिएको छ। नगरपालिकाले विभिन्न विकासनिर्माण तथा सामाजिक क्षेत्रका लागि गरिएको बजेट बाँडफाँट अनुसार सडक कालोपत्रे, ढलान तथा स्तरोन्नति र निर्माणतर्फ तीन करोड विनियोजन गरिएको छ।

बर्दीबासमा स्वच्छ खानेपानी आपूर्ति र फोहोरमैलाको दिगो व्यवस्थापनका लागि ९० लाख, सिँचाइका लागि ५० लाख, आन्तरिक पर्यटन प्रवर्धन गिद्ध संरक्षणकामा ४० लाख विनियोजन गरिएको छ। महिला बालबालिका एवं लक्षितवर्गको सशक्तीकरण एवं लैङ्गिक समावेशीकरणका लागि ७५ लाख ७० हजार विनियोजन गरिएको छ। नगर सभालाई सम्बोधन गर्दै मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री शारदा थापाले पर्यटन, पारवहन तथा पुरातात्विक महत्त्व बोकेको बर्दीबासको समृद्धिका लागि सबैको सहयोग, सकारात्मक भूमिका र योगदान महत्त्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो। नगरप्रमुख प्रह्लाद क्षेत्रीले आ.व २०८३/८४ का लागि १२ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यसले नगरको सर्वाङ्गीण विकासमा सही दिशानिर्देश गर्ने विश्वास व्यक्त गर्नुभयो।

### मधेस प्रदेशबाट...

महाधिवेशनमा प्रतिनिधि कसरी सहभागी हुन्छन् ?

रास्वपाका केन्द्रीय महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार मधेस प्रदेशमा धनुषा, सप्तरी, बारा र सर्लाही अधिवेशन नै सुरु भएन। सिराहा, महोत्तरी र रौतहटमा अधिवेशन सुरु भएर पनि विवादका कारण स्थगित भएको छ। बारा-१ बाट निर्वाचित सांसद तथा प्रदेश सहमहामन्त्री गणेश धिमालले अधिवेशन भएको पालिका, जिल्लाका निर्वाचित र नभएकामा तदर्थ समितिका पदाधिकारी सहभागी हुने बताए। धिमालमा अनुसार अधिवेशन भएकाको हकमा पालिकाका सभापति र समितिले माइन्युट गरेका प्रतिनिधि सहभागी हुनेछन्। जसमा नगपलिकाबाट २ जना, गाउँ पाउँपालिका १ जना, उपमहानगरपालिकाबाट ३ जना र महानगरपालिकाबाट चार जना सहभागी हुनेछन्।

अधिवेशन नभएका पालिका, जिल्ला तथा प्रदेशमा तदर्थ समितिका सभापति सहभागी हुनेछन्। समग्रमा एउटा जिल्लाबाट ५० जना प्रतिनिधि सहभागी हुने धिमालले जानकारी दिए। केन्द्रीय विभागका सदस्यहरू, पूर्व केन्द्रीय सदस्य, प्रदेश सभापति, २०७९ सालमा निर्वाचित प्रतिनिधि, उम्मेदवारहरू पनि महाधिवेशन प्रतिनिधि हुनेछन्। विवेकशील साझाले जितेको बाराको फेटा गाउँपालिकाका सबै प्रतिनिधि सहभागी हुने उनले बताए। निर्वाचन क्षेत्रबाट दुई जना प्रतिनिधि सहभागी हुने धिमालले जानकारी दिए। तदर्थ जिल्ला समितिबाट दुई जना महिला अनिवार्य हुनेगरी पाँच जना सहभागी हुनेछन्। बारा जिल्ला समिति विघटन भएकाले जिल्ला समितिबाट सहभागी हुन पाउने छैनन्। यस्तै प्रदेशका तदर्थ समिति, विभागका पदाधिकारी, प्रदेश आयोग सबै महाधिवेशन प्रतिनिधि हुनेछन्।

### पूर्वराज्यमन्त्री...

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७७ असोज ५ गते भ्रष्टाचार मुद्दा र असोज ९ गते सम्पत्ति शुद्धीकरण मुद्दा सर्वोच्चमा पुनरावेदन गरेको थियो। साथै सञ्जयकुमार साह २०७७ असोज १२ मा विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च पुगेका थिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सञ्जय साहको निवेदन एक साथ राखेर सर्वोच्चले सुनुवाइका लागि पेसी तोक्दै आइरहेको छ।

साहविरुद्ध २०७३ पुस २५ मा अख्तियारले गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो। उनीविरुद्ध ३१ करोड ५० लाख २६ हजार पाँच सय ५९ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्दै आयोगले अभियोग पत्र दायर गरेको थियो। अख्तियारले आठ जनालाई प्रतिवादी बनाएको थियो। २०७४ चैत १६ मा साहविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले ३२ करोड चार लाख ५० हजार ३०४ रुपैयाँ बिगो दाबी गर्दै मुद्दा दायर गरेको थियो। विभागले सञ्जयका बाबु साधुसाह सुडी, आमा दुलारीदेवी साह, श्रीमती रंगीलाकुमारी साह, रामकुमार साहसहित १२ जनालाई प्रतिवादी बनाएको थियो।

उनीहरूमध्ये रामकुमार साहलाई एक वर्ष ८ महिना कैद तथा बाँकीलाई दुई वर्ष ६ महिना कैद सजाय हुने विशेष अदालतले फैसला गरेको थियो। साहविरुद्ध अख्तियारमा उजुरीपछि छानबिन गर्दा उनको सम्पत्ति अस्वाभाविक देखिएको छ। आयोगले अनुसन्धान गर्दा दुई पटक संविधान सभा तथा व्यवस्थापिका संसद् सदस्य (सभासद) भएर, भौतिक योजना तथा निर्माण राज्यमन्त्री भएको बेलासमेत साहले सार्वजनिक पद धारण गरेपछि अस्वाभाविक रूपमा सम्पत्ति लुकाएको अख्तियारको दाबी थियो। सम्पत्ति शुद्धीकरण विभागले गरेको अनुसन्धानमा गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति तथा साधन बाबु साधुसाह सुडी, आमा दुलारीदेवी साह, श्रीमती रंगीलाकुमारी साह, भाइरामकुमार साह, मनोजकुमार सिंह, निलम सिंह, राममिलन राउत कुर्मी, ओमप्रकाश यादव, सुजितकुमार पाण्डे गरी कुल १२ प्रतिवादीसमेतको मिलेमतोमा लुकाएको दावी गरेको थियो।

जन्मकैद सजाय पाएर कारागारमा छन् साह

जनकपुरधाम बमकाण्डको मुख्य योजनाकारको रूपमा रहेका भन्दै धनुषा जिल्ला अदालतले जन्मकैद सजाय सुनाएपछि हाल सञ्जयकुमार साह डिल्लीबजार काराबारमा जेल सजाय कटाइरहेका छन्। रामानन्द चोकमा बम विस्फोट मुद्दामा पूर्वमन्त्री साहसहित सात जनालाई धनुषा जिल्ला अदालतले जन्मकैद सजाय सुनाएको थियो। २०६९ वैशाख १८ मा मिथिला राज्य सघर्ष समितिको आह्वानमा रामानन्द चोकमा बम विस्फोट गराइएको थियो। विस्फोटमा पाँच जनाको मृत्यु भएको थियो। घटनाका मुख्य योजनाकारका रूपमा साहलाई प्रतिवादी बनाएर मुद्दा दर्ता भएको थियो।

### लैङ्गिक हिंसाविरुद्ध....

बैंकको सहकार्यमा मधेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा नेपाल प्रहरीका १५ वटा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक केन्द्र र चार स्थानमा दीर्घकालीन पुनःस्थापना केन्द्र निर्माणका लागि बजेट विनियोजन गरिएको छ। यस्तै, मानव विकास सूचकाङ्कमा पछाडि परेका १११ स्थानीय तहमा विपन्न महिला जीविकोपार्जन सुधार कार्यक्रम र विभिन्न सीमान्तकृत समुदायलक्षित स्वरोजगार कार्यक्रम सञ्चालन गरिने मन्त्री वादीले जानकारी दिइन्।

महिला हिंसा रोक्नका लागि सरकारले जनचेतनामूलक कार्यक्रममा पनि जोड दिएको उनले स्मरण गराइन्। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाका लागि सञ्चालित हवाई उद्धार' कार्यक्रमलाई मन्त्रालयले उच्च प्राथमिकताका साथ निरन्तरता दिएको छ। आर्थिक वर्ष २०७६/७७ देखि हालसम्म ९ सय ३२ जनाले यो सेवा प्राप्त गरिसकेको र यसलाई थप प्रभावकारी बनाउन हवाई उद्धार कार्यविधिलाई परिमार्जन गरिने उनले स्पष्ट पारिन्। सन् २०३० सम्म नेपाललाई बालविवाहमुक्त राष्ट्र बनाउने लक्ष्यका साथ विभिन्न स्थानीय तहमा अभियान सञ्चालन गरिने र आगामी वर्षभित्र सडक बालबालिकामुक्त राष्ट्र घोषणा गर्ने मन्त्री वादीको प्रतिबद्धता छ। कानुनी विवादमा परेका बालबालिकाका लागि थप बालसुधार गृह निर्माण र विद्यमान सुधार गृहहरूको व्यवस्थापनका लागि बजेट छुट्याइएको छ। ज्येष्ठ नागरिकको अनुभवलाई उपयोग गर्न राष्ट्रिय ज्येष्ठ नागरिक ज्ञान बैंक निर्माण गर्ने कार्यक्रमसमेत बजेटमा समावेश छ।

मन्त्रालयले सीमान्तकृत समुदायको सशक्तीकरणका लागि प्रदेश तहमा २१ करोड ६८ लाख र स्थानीय तहमा ७६ करोड ३ लाख रुपैयाँ अनुदान पठाउने व्यवस्था गरेको छ। सामाजिक सुरक्षा प्रणालीलाई थप व्यवस्थित बनाउन र सबै श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन मन्त्रालय प्रतिबद्ध रहेको उनले बताइन्। महिला, बालबालिका र सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्न तीनै तहका सरकार र सरोकारवाला निकायबिच समन्वय र साझा प्रतिबद्धता आवश्यक रहेकोमा मन्त्री वादीले जोड दिइन्। प्रस्तावित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने उनको विश्वास छ।

### महिला मुद्दालाई...

सञ्चारमाध्यम र महिला राजनीतिकर्मीबिचको संवाद तथा सहकार्य सुदृढ हुनुपर्ने बताउनुभयो। जनसरोकारका विषयमा महिलाले गरेका काम र उठाएका मुद्दा जनतासम्म प्रभावकारी रूपमा पुग्न सके महिला नेतृत्वप्रति सकारात्मक धारणा विकास हुने र राजनीतिक सहभागिता अझ मजबुत बन्ने उहाँको भनाइ छ।

प्रदेशसभा सदस्य यादवले महिला मन्त्रीको अभाव, महिलामाथि हुने राजनीतिक विभेद तथा संसदमा उठाइएका विषयलाई सञ्चारमाध्यमले अपेक्षित महत्व नदिएको गुनासो गर्नुभयो। महिलाहरू सार्वजनिक जीवनमा सक्रिय बन्दै गइरहेका बेला उनीहरूलाई निरुत्साहित गर्ने प्रवृत्तिभन्दा प्रोत्साहन गर्ने वातावरण आवश्यक रहेको उहाँले बताउनुभयो। यस्तै, जनकपुरधाम उपमहानगरपालिका -८ का दलित महिला सदस्य मुन्नीदेवी दासले महिला जनप्रतिनिधिहरूका सकारात्मक कामभन्दा नकारात्मक पक्षलाई बढी प्रचार गरिने प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गर्नुभयो।

उहाँले महिलाले उठाएका महत्वपूर्ण विषय र गरेका रचनात्मक कामलाई गम्भीरतापूर्वक सार्वजनिक बहसमा ल्याउन सञ्चारमाध्यमलाई आग्रह गर्नुभयो। अर्का वडा सदस्य सिर्जना न्यौपानेले सामाजिक धारणा र आलोचनाको डरका कारण धेरै महिलाहरू अझै पनि मिडियासँग खुलेर संवाद गर्न हिच्किचाउने गरेको बताउनुभयो। नेकपा (एमाले) नेतृ विजेता झाले पत्रकारिता क्षेत्रमा राजनीतिक निकटताका कारण निष्पक्ष समाचार सम्प्रेषणप्रति शंका उत्पन्न हुने अवस्था रहेको उल्लेख गर्दै स्वतन्त्र र निष्पक्ष पत्रकारिताको आवश्यकता औँल्याउनुभयो। नेपाली कांग्रेसकी नेतृ सम्झना बर्माले आफूले लामो समय राजनीतिमा सक्रिय रहेपनि कुनै स्थान नपाएको गुनासो गर्दै उम्मेदवारी वितरणमा हुने विभेद तथा मधेश आन्दोलनमा योगदान दिएका महिलाका विषयलाई पनि निष्पक्ष रूपमा उठाउन आग्रह गर्नुभयो।

अन्तरक्रिया कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका पूर्वअध्यक्ष मनिका झाले महिला राजनीतिकर्मी र सञ्चारकर्मीबिच विश्वासको कमीले दूरी बढाएको बताउँदै दुवै पक्षले संवाद र सहकार्य बढाउनुपर्ने धारणा राख्नुभयो। पत्रकार अजय झाले लैङ्गिक समानतालाई ध्यानमा राखेर समाचार सम्प्रेषण गर्ने प्रयास भइरहेको उल्लेख गर्दै राजनीतिकर्मीहरू पनि आफ्ना विषयवस्तु सञ्चारमाध्यमसम्म पुऱ्याउन सक्रिय हुनुपर्ने बताउनुभयो। मिडिया एड्भोकेसी ग्रुपकी कार्यकरी निर्देशक बबिता बस्नेतले महिला राजनीतिकर्मी र सञ्चारकर्मीबिच समन्वय तथा सहकार्य अपरिहार्य रहेको बताउँदै महिलाका मुद्दा स्वयं महिलाहरूले पनि सशक्त रूपमा उठाउनुपर्ने धारणा व्यक्त गर्नुभयो। सहभागी सञ्चारकर्मी तथा राजनीतिककर्मीहरुले आगामी दिनमा सञ्चारकर्मीहरुसँग समन्वय सहकार्य गर्ने प्रतिवद्धता जनाउँदै तथ्यपरक, सन्तुलित र समावेशी पत्रकारितामार्फत गर्न गराउन प्रतिबद्धता जनाएका छन्। अन्तरक्रियामा मधेश प्रदेशसभा सदस्य अञ्जना पण्डितसहित विभिन्न राजनीतिक दलका महिला राजनीतिकर्मी र सञ्चारकर्मीको सहभागिता रहेको थियो।

### सरकारको...

स्वतन्त्रता र सूचनाको हकमाथि अंकुश लगाउने सरकारी प्रयासको विरोधमा नेपाल पत्रकार महासघले असार ५ गते दिउँसो ४ बजे माइतीघरमा आयोजना गर्ने ऱ्यालीप्रति पापडले ऐक्यबद्धता जनाएको छ। साथै उक्त ऱ्यालीमा सहभागी हुन सबै सरोकारवालालाई आह्वान गरेको छ।

# रौतहटको सवारी व्यवस्थापनमा सुधार



रौतहट, ३ असार। मधेस प्रदेशको रौतहट जिल्लामा गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा सडक दुर्घनासहित जनधनको क्षति कम भएको छ। रौतहट प्रहरीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा सडक दुर्घटनामा परी ६५ जनाको मृत्यु भएकामा चालु आर्थिक वर्षको अहिलेसम्म ४८ जनाको ज्यान गएको छ। सडक दुर्घना न्यूनीकरण तथा रोकथामका लागि जनचेतना जगाउने उद्देश्यले आज यहाँ आयोजित ट्राफिक सप्ताह कार्यक्रमलाई सम्बोधन गर्दै रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुषालले नियमित तथा छड्के जाँचसहित सडकको सुरक्षा व्यवस्था कडाइ गरेकाले सवारी व्यवस्थापनमा सुधार आएको बताउनुभयो।

उहाँले सडक दुर्घटना न्यूनीकरण तथा रोकथामका लागि सचेतना र अनुशासन आवश्यक रहेको उल्लेख गर्दै आपसी समन्वय र सहकार्यसहित अझ बढी खटिएर जनताको जीउधनको सुरक्षामा समर्पित हुन जिल्लास्थित सुरक्षा संयन्त्रको ध्यानाकर्षण गर्नुभयो। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख राजेन्द्र थापा मगरले प्रहरी प्रशासनलाई छलेर जिल्लाको भित्री सडकमा हेल्मेट नलगाई द्रुत गतिमा मोटरसाइकल चलाउने, क्षमताभन्दा बढी भार बोक्ने र लागू तथा मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउने परिपाटी अझै रहेकाले अपेक्षा गरेअनुसार परिणाम आउन नसकेको स्पष्ट गर्नुभयो।

रौतहट जिल्लामा विभिन्न आठ वटा कार्यालयमा गरी अहिले ५० देखि ६० जना ट्राफिक प्रहरी कार्यरत रहेको जानकारी दिँदै उहाँले भन्नुभयो, "सीमित स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै सरोकार भएका सबै पक्षसँगको सहयोग र सहकार्यमा ट्राफिक व्यवस्थापन गर्दै आएका छौँ। जिल्लामा भएका सडक दुर्घटनालाई विश्लेषण गर्दा विद्यार्थी तथा युवा पिँढी सचेत र सजग हुनुपर्ने देखिन्छ।" रौतहट जिल्लाको विशेष गरी भित्री सडक तथा सीमावर्ती क्षेत्रमा भारतीय नम्बर प्लेटका सवारीसाधन गुड्नेक्रम अहिले पनि यथावत रहेकाले चुस्तदुरुस्त सवारी व्यवस्थापनमा केही समस्या रहेको प्रहरीले जनाएको छ। रासस

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)